# नेपाल सरकार
## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
## सूचना तथा प्रसारण विभाग
## सञ्चारग्राम, काठमाडौं

**स्नातक तहमा पत्रकारिता विषय अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्तिका लागि आवेदन दिने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०८/०१ गते)

सूचना तथा प्रसारण विभागद्वारा आ. व. २०८२/०८३ मा पत्रकारिता विषय लिई स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिने भएको हुँदा पत्रकारिता विषयमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरी स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई यस सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र देहायको कागजातसहित **पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ (संशोधन)** को अनुसूची (१) बमोजिमको ढाँचामा विभागमा निवेदन दिन आह्वान गरिन्छ । आवेदन patrakarbrittikosh@gmail.com मा इमेल गरी पनि पठाउन सकिनेछ ।

१. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरूः
   - १.१ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
   - १.२ पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि,
   - १.३ सम्बन्धित क्याम्पसले पत्रकारिता विषय लिई स्नातक तह अध्ययनरत रहेको भनी प्रमाणित गरेको सिफारिस पत्र । (उक्त पत्रमा स्नातक तह कुन वर्षको विद्यार्थी हो सो खुलेको हुनुपर्नेछ । स्नातक तह अन्तिम वर्षमा अध्ययनरत भए अध्ययन अवधि कम्तीमा ६ (छ) महिना बाँकी रहेको भनी खुलेको हुनुपर्नेछ ।)
   - १.४ सिफारिस पत्रः यस सूचनाको बुँदा नं. २ मा उल्लिखित (ग), (घ), (ङ), (च), (छ) र (ज) समूहमा निवेदन दिने विद्यार्थीहरूले उक्त समूह प्रमाणित हुने कागजात/सिफारिस पत्र
   - १.५ पासपोर्ट साइजको फोटो ।

२. निवेदन दिने विद्यार्थीहरूमध्ये देहायबमोजिम १४ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछः (क) खुलाः ५ जना (ख) महिलाः ३ जना (ग) दलितः १ जना (घ) आदिवासी जनजातिः १ जना (ङ) मधेसीः १ जना (च) मुस्लिमः १ जना (छ) अपाङ्गः १ जना (ज) पिछडिएको क्षेत्रः १ जना ।

३. पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण कार्यविधि, २०७४ (सशोधन) अनुसूची (१) बमोजिमको निवेदनको ढाँचा तथा सूचनाको विस्तृत विवरण विभागको वेबसाइट बाट प्राप्त गर्न सकिनेछ ।

४. थप जानकारी विभागको फोन नं. ०१-५९१९८९६ मा सम्पर्क गरी लिन सकिनेछ ।

२०८२।८।१

निर्देशक

## अनुसूची (१) पत्रकारिता अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति सम्बन्धी निवेदन

फोटो

श्रीमान् महानिर्देशक ज्यू,
सूचना तथा प्रसारण विभाग,
सञ्चारग्राम, काठमाडौं ।

मितिः

**<u>विषयः छात्रवृत्ति सम्बन्धमा ।</u>**

मिति............................... को ........................................... मा प्रकाशित सूचना अनुसार स्नातक तहमा पत्रकारिता विषय अध्ययन गर्ने छात्र/छात्राहरूमध्येका देहायका समूह सर्वोत्कृष्ट अङ्क ल्याउने खुला, महिला, दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्रमा प्रदान गरिने छात्रवृत्तिका लागि आफूलाई योग्य ठानी निम्नानुसार कागजात संलग्न गरी  दरखास्त पेश गरेको छु ।

१. आवेदन गरेको समूहमा ठीक (√) लगाउनुहोस् ।

- १ खुला
- २ महिला
- ३ दलित
- ४ आदिवासी/जनजाति
- ५ मधेसी
- ६ मुस्लिम
- ७ अपाङ्ग
- ८ पिछडिएको क्षेत्र

२. बुवा तथा आमाको पेशा लेख्नुहोस् ।

बुबाको पेशाः आमाको पेशाः

**<u>संलग्न कागजातहरूः</u>**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- पत्रकारिता विषय लिई प्रवीणता प्रमाणपत्र/१०+२ को उत्तीर्ण गरेको लब्धाङ्कपत्रको प्रतिलिपि
- सम्बन्धित क्याम्पस/कलेजमा स्नातक तहमा पत्रकारिता विषय अध्ययन गरिरहेको सिफारिस पत्र ।
- सम्बन्धित आयोग/प्रमुख जिल्ला अधिकारी (दलित, आदिवासी/जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, पिछडिएको क्षेत्र) को सिफारिस पत्र ।

निवेदकको सहीः
नामः
बुबाको नामः
आमाको नामः
ठेगानाः
सम्पर्क नं.
इमेल ठेगानाः